परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



वर्ष : ३ अंक : ३४१ पष्ठ ४ २०८२ असोज ८ गते, बुधबार 24 September, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

गणतन्त्रलाई बचाएर अघि बढनुपर्छः मुख्यमन्त्री सिंह



टक नेपाल

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बचाएर अघि बढ्नुको विकल्प नभएको भन्दै त्यसका लागि मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दल एकतावद्ध हुनुपर्ने धारणा राख्नुभयो ।

मधेश प्रदेश सभाको मंगलबारको वैठकमा बोल्दै उहाँले संघीयता आएपछि केही नभएको भने भ्रामक प्रचार गरेर संघीयता समाप्त पार्ने षडयन्त्र भइरहेको भन्दै त्यस्ता षडयन्त्रविरुद्ध हामी सबै राजनीतिक दल एकताबद्ध हुनु जरुरी रहेको बताउनुभयो ।

उहाँले देशमा संघीयता आएपछि शिक्षा, स्वास्थ्य र पूर्वाधारको क्षेत्रमा धेरै विकास भएको भन्दै यस विषयलाई आम नेपाली जनता समक्ष पुर्याउनु पर्ने बताउनुभयो । उहाँले २०७२ भन्दा पहिले भएको कामकाज र २०७२ पछिको कामकाजको तुलना गर्दा विगतभन्दा धेरै सुधार भएको दावी गर्नुभयो ।

उहाँले जेनजी पुस्ताले गरेको दुई दिनको आन्दोनको क्रममा माओवादी १० वर्षे जनयुद्धभन्दा पनि बढी क्षति भएको भन्दै प्रदेश सरकारको संरचनामा क्षति हुन नदिन र आन्दोलनको क्रममा जनकपुरधाममा कसैको ज्यान नजाओस् भन्ने उद्देश्यले तत्काल आफूले पार्टीकै सल्लाहमा सामाजिक सञ्जालमा राजीनामा गरेको बताउनुभयो ।

उहाँले अहिले पार्टीभन्दा माथि उठेर संघीयताको रक्षा गर्न हामी सबैले पैरवी गर्नुपने ंमा जोड दिनुभयो । उहाँले पार्टीका एक नेतालाई आफ्नो राजीनामाको विषयमा बढी हतार भएको र आफू हटेपछि मुख्यमन्त्री बन्छु भन्ने लागेकाले आफूविरुद्ध जथाभावी बोल्ने गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, “अहिलेको समय संघीयतालाई कसरी जोगाउने हो त्यसविषयमा हामी सबै केन्द्रित हुनुपर्छ ।” उहाँले आफू एउटा दलको सिपाही मात्र नभइ पूरै प्रदेशको मुख्यमन्त्री रहेको भन्दै संघीयतालाई जोगाउन आफूले राजीनामा नदिएको कुरा यसअघि प्रष्ट गरिसकेको बताउनुभयो ।

उहाँले मधेश प्रदेश संघीयताको जननी भएको भन्दै यसको रक्षाका लागि पनि मधेश प्रदेशले नै एकताबद्ध भएर अगाडि बढ्ने धारणा राख्नुभयो ।

दलभित्रको

अनुशासनहीनता र संस्कार

संकट चिन्ताजनक : डा.राउत



चन्दन रजक

जनमत पार्टीका उपाध्यक्ष तथा संगठन विभाग प्रमुख डा. जयकान्त राउतले नेपालका राजनीतिक दलहरूमा देखिएको बढ्दो अनुशासनहीनता र कमजोर राजनीतिक संस्कारप्रति गहिरो चिन्ता व्यक्त गरेका छन्।

उनका अनुसार हालका वर्षहरूमा पार्टीको विधि-प्रक्रिया नमान्ने, नियम उल्लङ्घन गर्ने, निर्णयको अवज्ञा गर्ने तथा संगठनलाई व्यक्तिगत स्वार्थका लागि प्रयोग गर्ने प्रवृत्ति मौलाइरहेको छ। यसले सबल जनमुखी लोकतन्त्रलाई कमजोर बनाउने खतरा बढेको उनले बताए।

डा. राउतले उच्च नैतिक मूल्य, आन्तरिक लोकतन्त्र र अनुशासित नेता-कार्यकर्ता लोकतान्त्रिक व्यवस्थाको अनिवार्य आधार भएको उल्लेख गर्दै गुटबन्दी र अवसरवादले विचारधारामूलक राजनीति विस्थापित गरेको बताए। उनका शब्दमा, “पद प्राप्तिको दौडले विचार र संस्कारलाई पछाडि पारेको छ, जसले पार्टीहरूलाई विचार-केन्द्रित भन्दा अवसरवादी -केन्द्रित संगठनमा परिणत गरिरहेको छ।”

उनले दलहरूलाई तत्कालीन सत्ता प्रतिस्पर्धाभन्दा दीर्घकालीन राजनीतिक संस्कार निर्माणमा ध्यान दिन आह्वान गर्दै अनुशासनहीनता नियन्त्रण, आन्तरिक लोकतन्त्र सुदृढीकरण र राजनीतिक संस्कारको पुनर्जागरणाबिना जनताको विश्वास गुम्ने चेतावनी दिए।

डा. राउतका अनुसार नियम तोड्नेलाई दण्ड र अनुशासितलाई प्रोत्साहन-सम्मानको व्यवस्था हुनुपर्छ। असहमति वा आलोचनालाई निषेध होइन, सुधारको अवसरको रूपमा लिनुपर्ने उनको सुझाव छ। “यसरी मात्र गुटबन्दीलाई नीति बहसमा रूपान्तरण गर्न सकिन्छ र लोकतान्त्रिक प्रणालीलाई सबल बनाउन सकिन्छ,” उनले जोड दिए।

मधेश प्रदेशसभामा जनमत सांसदहरू प्रतिपक्षी सिटमा



टक नेपाल

मधेश प्रदेशमा मुख्यमन्त्री सतिशकुमार सिंह नेतृत्वको सरकार भित्रै असमन्जस देखिएको छ। मुख्यमन्त्री सिंहको साथ छोडेर जनमतका प्रदेशसभा सदस्यहरूले मंगलबारको बैठकमा प्रतिपक्षी सिट समातेका छन्।

जेनजी आन्दोलनपछि पहिलोपटक बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री सिंह बाहेक जनमत पार्टीका सबै सांसदहरू प्रतिपक्षी बेञ्चतर्फ बसेका हुन्। जसपाका सांसदहरूसँगै माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र अन्य दलसँगै उनीहरू पनि प्रतिपक्षमा देखिए।

जनमत पार्टी संसदीय दलका नेता महेशप्रसाद यादवले केही दिनअघि नै प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै मुख्यमन्त्री र मन्त्रीहरूलाई फिर्ता बोलाउने पत्र प्रदेश प्रमुखको कार्यालय र प्रदेशसभा सचिवालयमा पठाएका थिए।

तर,मुख्यमन्त्री सिंहले राजीनामा नदिएपछि बाँकी सांसदहरू प्रतिपक्षमा बसेका हुन्।

दलका नेता यादवले सभामुख रामचन्द्र मण्डललाई औपचारिक रूपमा आफूहरू प्रतिपक्षमा बस्ने जानकारी दिएका थिए। त्यसपछि सभामुखले सिट व्यवस्थापन परिवर्तन गरेका हुन्।



पवित्रंनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

सम्पादकीय

उत्साहको चाड बडादसैँ

यतिबेला गाउँसहरका दृश्यहरूले दसैँ आगमनको सङ्केत दिएका छन्। दसैँ आउन लागेदेखि नै घर घरमा चहलपहल सुरु हुन्छ। वरपर सबैतिर सफा गरिएका बाटोहरूमाथि तोरण टँगिएका, चोक चोकमा लिँगे, पिर्के, राँहटे पिङ हालिएका दृश्यहरू मनमोहक देखिन्छन्। वर्षायामको हिलो सकिएर जताततै सफा र खुलेको निलो आकाशमुनि हरियाली डाँडाहरू पर परसम्म परेली परेका देखिन्छन्। हिमालहरू यसरी टल्किएका हुन्छन् कि मानौं माता प्रकृति प्रशन्न मुद्रामा छन्। प्रकृतिमा वैभव छाएको देखिन्छ। शरद् ऋतुमा पर्ने दसैँ प्रकृतिमा सुन्दरता, उल्लासमय वातावरण छाएको हुन्छ। यो ऋतुमा मौसम न त धेरै चिसो न धेरै गर्मी हुने हुन्छ। त्यसैले स्वास्थ्य उत्साह र उत्सवका लागि अनुकूल हुन्छ।

जताततै सुनिने तथा रेडियो टेलिभिजनमा गुन्जिने मालाश्री (मङ्गल) धुनले दसैँ आउन लागेको सङ्केत दिँदै मनलाई उत्साहित बनाइदिन्छ। आजकल त युट्युब तथा रिलहरूमा पनि मङ्गल धुन बज्छन्। बिहानीपखका सुनौला घामको न्यानो स्पर्शले हरकोहीका लागि दसैँ आगमनको आभाष दिलाउँछ। यस्तो लाग्छ प्रत्येक बिहानीले दसैँलाई अझै नजिक ल्याउँदै छ। साथमा आफन्तजनको आत्मीय मिलन र न्यानोपन नजिकिँदै गएको आभाषले मन विभोर बनाइदिन्छ।

दसैँको बेलामा गाउँघरमा धेरै रमाइलो हुन्छ। विदेशमा रहँदा दसैँमा अलि खल्लो हुन्छ। आफ्नो देश आफ्ना संस्कृति र आफन्त अनि साथीभाइको याद झल्झली आइरहन्छ तर बिदे सिने बाध्यता भएकाले गर्दा नेपाली विदेशमा पनि साथीसँगी भेला भएर, शुभकामना अदानप्रदान गरेर उपलब्धता अनुसारका मिठा परिकार सँगै खाएर, रमाइलो गरेर मनाउँछन्। यसले विदेशमा पनि नेपाली संस्कृति जोगाइरहनुका साथै प्रवर्धनमा समेत मद्दत पुगेको छ। यस संसारको जुन कुनामा भए पनि राष्ट्रियता र धार्मिक सहिष्णुताका र प्रविधिको सहजताको कारण दसैँको माहोल जीवन्त छ।

जेनजी आन्दोलन : सामाजिक असमानताका.....

यस्तो परिवेशमा मौलिक राजनीतिक-आर्थिक सन्तुलन सिर्जना भएको छ। युरोपमा जस्तो यी मुलुकमा पुँजीवादी कृषिले उन्नति गरेन। केही सीमित सम्भावनाका बाबजुद खेती किसानीको हालत करिबकरिब उस्तै रह्यो। धेरै परिवार घरका केही सदस्य आप्रवासी मजदुरको रूपमा बाहिर गएता पनि आफू भने कृषिमै संलग्न रहे। युवाहरू उच्च आय भएका मुलुकमा कामदारको रूपमा पुगे।

बसाइँसराइका लहरो नेपाल, बंगलादेश वा फिलिपिन्सबाट खाडी मुलुकतिर, कम्बोडियाबाट थाइल्याण्डतिर तथा किर्गिस्तानबाट रूसतिर फकेको छ। जता फर्केको भए पनि श्रमिक पठाउने मुलुकहरूको अन्तर्निहित आर्थिक प्रक्रिया भने उस्तै छ। ती मुलुकका आममानिसको परिवार द्वैध रणनीतिमा चलेका छन्– विप्रेषण (रेमिट्यान्स) ले घरायसी आवश्यकता पूरा गर्न नगद उपलब्ध गराउँछ भने कृषिले त्यहाँ रहेका मानिसलाई खाद्यान्न उपलब्ध गराउँछ। साथै कहिलेकाहीं अप्ट्यारो अवस्था आउँदा भरथेग पनि गर्छ।

यी क्षेत्रमा कृषिबाट बाहिर निस्किने सङ्क्रमणको अवस्थामा उच्च शिक्षा तथा सिपमूलक ज्ञानसहितको बढ्दो युवा जनशक्ति पनि जोडिन आइपुग्छ। ग्रामीण क्षेत्रहरूमा निर्वाहमुखी कृषिको चक्रको मार तथा परदेशमा कामदार हुनुको पीडा खेपेको पुरानो पुस्ता आफ्ना सन्तानलाई राम्रो शिक्षा दिन व्यग्र छ। उनीहरू आफ्ना सन्तानको शिक्षामा सकेसम्म लगानी गरिरहेका छन्। नेपालका घरपरिवारहरू रेमिट्यान्सलाई शिक्षामा लगानी गराइरहेका छन्।

उनीहरू धेरै शुल्क लाग्ने विद्यालयमा मात्रै पुगेका छैनन्, उच्च शिक्षामा पनि त्यसरी नै लगानी गरिरहेका छन्। यस्ता उच्च शुल्कका विद्यालयहरू दक्षिण एसियामा अहिले छ्यापछ्यापती छन्। पढाई सकेपछि देशभित्रै फैलिँदो सेवा क्षेत्रमा काम गर्न जानुपर्ने हुन्छ। सन् ९० को दशकपछि नेपालमा सर्वाधिक वृद्धि देखिएको क्षेत्र यही हो। नत्र युरोप, अष्ट्रेलिया, दक्षिण कोरिया वा जापानजस्ता 'लाभदायक' ठानिएका गन्तव्यहरूमा जानुपर्ने हुन्छ।

ग्रामीण भूभागमा गुणस्तरीय शैक्षिक सेवाको पहुँच न्यून रह्यो। त्यसैले पनि गत दुई दशकमा गाउँबाट सहरमा बसाइँसराइ बढ्यो। यसमा शैक्षिक अर्थतन्त्रको ठुलो भूमिका छ। नेपालका सहरी केन्द्रहरूमा ठुलो संख्यामा बसाइँसराइ भएको छ। काठमाडौँमा मात्र नभएर पोखरा, विराटनगर, इटहरीजस्ता दोस्रो श्रेणीका सहरलगायत अझै साना तर द्रुत गतिमा बढ्दै गइरहेका जिल्ला सदरमुकामहरूमा पनि यस्तो बसाइँसराइको चाप बढेको छ।

उनीहरूको परिवारका कोही न कोही सदस्यहरू पक्कै विदेशमा हुन्छन्। रेमिट्यान्सले कलेज वा स्कुलको शुल्क तिर्छन् र आमा-बाबु तथा हजुरबा-हजुरआमाले पठाएको दाल-चामलले सहरमा आफ्नो भविष्यको गोरेटो खन्न संघर्षरत हुन्छन्।

यसरी बसाइँसराइ गर्ने धेरैजसो मध्यम तथा उच्च मध्यम किसान थिए। उनीहरूसँग केही जग्गा र सम्पत्ति छ। साथै धितो राखेर ऋण लिने वा सहरमा घर बनाउनका लागि थोरै जग्गा खरिद गर्ने क्षमता छ। उनीहरू प्रायः घरसँग कुनै न कुनै रूपमा जोडिएकै हुन्छन्। उदाहरणका लागि घरमा हजुरबा-हजुरआमाले खेतीपाती हेर्छन्।

उनीहरूको परिवारका कोही न कोही सदस्यहरू पक्कै विदेशमा हुन्छन्। रेमिट्यान्सले कलेज वा स्कुलको शुल्क तिर्छन् र आमा-बाबु तथा हजुरबा-हजुरआमाले पठाएको दाल-चामलले सहरमा आफ्नो भविष्यको गोरेटो खन्न संघर्षरत हुन्छन्। उनीहरू मध्यम वर्गका साझा आकाङ्क्षा बोकेर हिँडेका हुन्छन्।

तर, जुन गतिमा उच्च शिक्षा क्षेत्रको विस्तार भयो, त्यही गतिमा व्यावसायिक क्षेत्रमा रोजगारी भने विस्तार हुनै सकेन। नेपालजस्तो नवउदारवादले गाँजेको, सेवा क्षेत्रको दबदबा रहेको तथा आयातमा आधारित अर्थतन्त्रले उच्च शिक्षा क्षेत्रबाट आएको फैलिँदो युवा जनशक्तिलाई खपत गर्ने क्षमता नै हासिल गर्न सकेन। सेवा क्षेत्रका प्रतिष्ठित रोजगारीमा राजनीतिक सम्बन्ध, जातीय सञ्जाल वा महँगो निजी शिक्षा लिन नसकेकै कारण धेरै युवा वञ्चित हुन थाले।

सहरी क्षेत्रमा नयाँ युवाहरूको 'शिक्षित बेरोजगार' पंक्ति बन्न थाल्यो। नेपालमात्रै नभएर संसारभर नै यस्तो उपस्थितिले सबैभन्दा ठुलो राजनीतिक तथा नीतिगत द्विविधा सिर्जना गरेको छ। बढ्दो रूपमा रहेको यस्तो समूह बलियो राजनीतिक शक्ति हो। इन्टरनेट र सामाजिक सञ्जालमा हुने सहज पहुँचले धनी तथा गरिब दुवै वर्गका यस्ता युवाका लागि डिजिटल समुदाय सिर्जना गऱ्यो। त्यतिमात्रै नभएर ती युवा राजनीतिक रूपमा पनि सचेत भए।

सन् २०१० यता स्मार्टफोनको युग आयो। त्यस पश्चात 'इन्फ्लुएन्सर' संस्कृतिले समाजमा विद्यमान असमानताका बारेमा जागरूकता ल्यायो। न्यून आय भएका देशहरूमा उदयीमान पुँजीवादी सम्भ्रान्तहरूले पुँजीवादी लगानी, सुदखोरी तथा भ्रष्टाचार मार्फत् अकुत सम्पत्ति जम्मा गरेका छन्। यससँगै कथित 'नेपो बेबी'हरूप्रतिको घृणा र आक्रोश पनि बढ्दै गएको छ।

एसियामा अझ खासगरी फिलिपिन्समा यो शब्द राजनीतिक वा व्यावसायिक घरानाका सन्तानहरूको विलासी जीवनशैली जनाउन प्रयोग गरिएको छ, जसले आफ्नो परिवारले अवैध रूपमा कमाएको सम्पत्तिको रवाफ सामाजिक सञ्जालमा प्रदर्शन गर्छन्।

नेपालका 'नेपो बेबी'हरूको आलोचना त्यहाँको जेनजी आन्दोलनको मुख्य तत्व हो। जब सहरी युवाहरूले एउटै 'डिजिटल स्पेस'मा राजनीतिक रूपमा जोडिएका 'इन्फ्लुएन्सर'हरू भेटे, उनीहरूको जीवनशैली आफ्नो तुलनामा धेरै फरक र रवाफिलो पाए। त्यहाँ ठुलो भिन्नता थियो। धेरैजसो युवाले हरेक दिन यस्तो नमिठो अनुभव गर्थे। संसारभर यस्तै सन्दर्भलाई लिएर सहरी युवाहरूमाझ आक्रोश उग्र रूपमा बढिरहेको छ।

नेपालका लागि केही महत्त्वपूर्ण राजनीतिक प्रश्न छन्। यस्तै युवा आन्दोलन भोगेका अन्य क्षेत्रका मुलुकहरूमा सत्तारुढ वर्गले छिटै आफ्नो सत्ता पुनर्स्थापित गरेका छन्।

भ्रष्टाचार विरुद्धको आक्रोश, अवसरको कमी तथा शिक्षामा खेर गएको लगानीजस्ता सन्दर्भ केही अघि श्रीलंका, बंगलादेश र हालसालै नेपाललगायत यस क्षेत्रभर नै युवाहरूको अगुवाइमा भएका विद्रोहहरूका प्रधान कारक थिए। आर्थिक हिसाबले दक्षिण एसियाको सबैभन्दा किनारीकृत देशहरू मध्येको एक नेपालमा भ्रष्टाचारको व्यापक मात्रा र युद्धपछिको राजनीतिक समाधानका असफल बाचाहरू विरुद्ध आम मानिसमा विशेष आक्रोश छ।

नेपालका लागि केही महत्त्वपूर्ण राजनीतिक प्रश्न छन्। यस्तै युवा आन्दोलन भोगेका अन्य क्षेत्रका मुलुकहरूमा सत्तारुढ वर्गले छिटै आफ्नो सत्ता पुनर्स्थापित गरेका छन्। नेपालले सन् २००६ र २०१५ मा यस्तै नियति भोगेको थियो। अब पनि देशको राजनीतिक भविष्य कसले निर्धारण गर्छ भन्ने बारेमा ठुलो प्रश्न छ।

धेरैजसो न्यून तथा मध्यम आय भएका देशहरूमा भएका प्रायः युवा अगुवाइका आन्दोलनहरू ग्रामीण भन्दा सहरी थिए, जहाँ जनसाङ्ख्यिक बनोटले बिस्तारै राजनीतिक द्विविधा सिर्जना गर्छ। तीव्र गतिमा सहरीकरण हुँदै गरे पनि नेपालको करिब तीन चौथाइ जनसङ्ख्या त अझै ग्रामीण क्षेत्रमै छ, जसको दुई तिहाइ हिस्सा खेती र रेमिट्यान्समा आधारित जीवनयापनको चक्रमा जोडिएको छ।

नेपालमा चलेको माओवादी युद्ध अहिलेको भन्दा फरक राजनीतिक यथार्थमा आधारित भएर ग्रामीण अर्थतन्त्रमा चलेको थियो। माओवादी आन्दोलनमा लाग्ने युवाहरूको प्रेरक शक्तिलाई रेमिट्यान्सले 'प्रेसर रिलिज भल्व' का रूपमा उत्सर्जन गरेको छ। यद्यपि युद्ध सकिएको दुई दशकसम्म पनि गाउँ र सहर दुवैतिर जीविकोपार्जनको असुरक्षाका संरचनागत कारण ज्युँका त्युँ छन्।

जसमा मुख्यतः जमिन र सम्पत्तिको वितरणमा चरम असमानता, कुनै समय जीवन्त रहेका घरेलु उद्योगको विनाश, ऋणको जालो तथा रोजगारीका अवसरको अभाव पर्दछन्। बसाइँसराइले गर्दा गाउँको सामाजिक संगठन खण्डित भएको छ। फलतः किसान आन्दोलनको सम्भावना पनि कमजोर भएको छ।

गरिब राज्यको सीमित स्रोतको वितरणमा मध्यस्थता गर्दै तथा राज्य र गैर-राज्य दुवैखाले संस्थाहरूमा घुसपैठ गर्दै अहिलेका स्थापित राजनीतिक दलहरूले ग्रामीण क्षेत्रहरूमा आफ्नो अधिकार पुनः स्थापित गरेका छन्। अझै आउँदा चुनावमा पनि यस अधिका बदनाम नेता वा दलहरूनै पुनः निर्वाचित भएर आउन सक्छन्।

अब नेपाललगायत दक्षिण एसियाभर अब नयाँ प्रगतिशील राजनीतिक शक्तिहरूले सत्ता सञ्चालनका लागि प्रतिस्पर्धा गर्न ढिला गर्ने वा हिचकिचाउने गल्ती गर्नु हुँदैन। अझ त्योभन्दा महत्त्वपूर्ण कुराचाहिँ गरिब र गरीखाने वर्गको चिन्ता गर्ने आन्दोलनहरूसँग आफूलाई जोडिराख्नु पर्ने हुन्छ।

(फेजी इस्माइल लन्डन विश्वविद्यालयमा प्राध्यापन गर्छिन् भने फ्रेजर सुदेन वर्मिंघम विश्वविद्यालयमा प्राध्यापन गर्छन्। उनीहरूले नेपाललगायत दक्षिण एसियाको अर्थराजनीतिबारे विविध अनुसन्धान गरेका छन्।)





जेनजी आन्दोलन : सामाजिक असमानताको जगमा भड्केको आक्रोश

● टक नेपाल



गत साता नेपालमा यसअघि कहिल्यै नदेखिएको स्तरका विरोध प्रदर्शन भयो । राजधानी लगायत मुख्य सहर तथा विभिन्न क्षेत्रमा चलेको युवाहरूको आक्रामक आन्दोलनले केवल ४८ घण्टामै नेपालमा सन् २००६ देखि दबदबा कायम राखिरहेको राजनीतिक संस्थापनलाई घुँडा टेकाइदियो । जेनजी आन्दोलनमा सुरुमा निर्मम दमन भयो । आन्दोलनमा ७० जनाभन्दा धेरैको मृत्यु भएको छ।

आन्दोलन बढ्दै जाँदा दोस्रो दिन प्रधानमन्त्री केपी ओलीले राजीनामा दिए। लगत्तै आन्दोलनमा घुसपैठ गनेहरूले व्यापक लुटपाट र आगजनी गरे । देशभर सरकारी भवनहरूमा आक्रमण भयो । खासगरी सर्वोच्च अदालत र संसदलगायत अधिकांश मन्त्रालय रहेको सिंहदरबार परिसरमा समेत आगजनी भयो । राजनीतिक नेताहरूका घर तथा विभिन्न व्यावसायिक भवनहरू लुटपाट र आगजनीबाट जोगिन सकेनन् ।

नेपालमा यस्तो राजनीतिक आन्दोलन नौलो भने होइन । तत्कालीन नेकपा माओवादीले एक दशक लामो युद्ध सञ्चालन गरेको थियो। दुई शताब्दी लामो सामन्तवादी प्रणाली, असमान व्यापार तथा त्यससँगै जोडिएको आर्थिक रुकावटबिच उदाउँदै गरेका सहरी श्रमिक तथा ग्रामीण किसानहरूले त्यसलाई लोकप्रिय समर्थन दिएका थिए। सन् २००६ मा २४० वर्षे राजतन्त्र फाल्दै युद्ध पनि अन्त्य भयो ।

नयाँ संविधानको सङ्कल्प गर्दै माओवादीहरू मूलधारको राजनीतिमा प्रवेश गरे, तर माओवादीका निरन्तरका गल्ती तथा तोडिएका बाचाहरूको शृङ्खला पुरानै राजनीतिक दलहरू आफ्नो पक्षमा समर्थन फर्काउन सफल भए । दशकौंदेखि नेपाली समाजको तल्लो तहसम्मै उनीहरूले फैलाएको बलियो संरक्षण सम्बन्धले यस्तो पुनरागमनलाई सघायो ।

नेपालको जनसंख्याको एक तिहाइभन्दा बढी हिस्सा ओगट्ने आदिवासी समूहहरू तथा दक्षिणी मैदानमा बस्ने प्रमुख समूहका रूपमा रहेका मधेसी समुदायमा नयाँ संविधानलाई लिएर असन्तुष्टि तथा निराशा उच्च थियो ।

सन् २०१३ को चुनावबाट मध्यपन्थी नेपाली कांग्रेस तथा धेरै अघि नै आफ्नो वामपन्थी स्वत्व गुमाइसकेको नाममात्रैको 'कम्युनिस्ट' नेकपा एमाले शीर्ष स्थानमा आए। अन्तरिम संविधानमा रहेका प्रगतिशील बुँदासमेत हटाउँदै उनीहरूले नयाँ संविधान निर्माणको अगुवाइ गरे । माओवादी तेस्रो स्थानमा झऱ्यो ।

अर्को ठुलो आन्दोलन सन् २०१५ मा नयाँ संविधान जारी भए लगत्तैको हप्तामा भएको थियो । नेपालको जनसंख्याको एक तिहाइभन्दा बढी हिस्सा ओगट्ने आदिवासी समूहहरू तथा दक्षिणी मैदानमा बस्ने प्रमुख समूहका रूपमा रहेका मधेसी समुदायमा नयाँ संविधानलाई लिएर असन्तुष्टि तथा निराशा उच्च थियो । उनीहरू संविधानमार्फत् झनै बढी स्वायत्तता तथा सहभागिता खोज्दै थिए ।

आफ्नो आशामा तुषारापात भएको भान हुनासाथ उनीहरू आन्दोलनमा गए। उनीहरूको आन्दोलनमा निर्मम प्रहरी दमन भयो । गत हप्ता काठमाडौंमा भएको घटनाले त्यसकै झल्को दिन्छ। आन्दोलनको समयमा सरकारको नेतृत्व एमाले नेता केपी ओलीले गरिरहेका थिए। दक्षिणी मैदानमा उठेको आन्दोलन तथा त्यसपश्चात भारतको हस्तक्षेपलाई देखाएर ओलीले आफूलाई बलियो राष्ट्रवादीका रूपमा उभ्याए ।

सन् २०१५ को घटनाले केवल आदिवासी तथा मधेसी आन्दोलनलाई मात्रै विघटित गरेन, खास वामपन्थी विकल्पलाई पनि नामेट पारिदियो ।

उनले आफूलाई अल्पसंख्यकहरूलाई कुल्चिएरै सही, जुनसुकै मूल्यमा नयाँ संविधान अघि बढाउने दृढ व्यक्तिका रूपमा अघि सारे । जब दक्षिणी मैदानमा आगो लागिरहेको थियो, राजधानी काठमाडौँलगायत मुलुकका विभिन्न भूभागमा भने नयाँ संविधानको स्वागतमा उत्सव चलिरहेको थियो ।

सन् २०१५ को घटनाले केवल आदिवासी तथा मधेसी आन्दोलनलाई मात्रै विघटित गरेन, खास वामपन्थी विकल्पलाई पनि नामेट पारिदियो । विभिन्न टुक्रामा चोइटिएको माओवादी पार्टीको अवशेष पनि नेपाली कांग्रेस वा एमालेसँग पालैपालो गठबन्धन गर्दै सरकारमा गएर संस्थापनको हिस्सामा समाहित भयो । त्यसको एक दशक यिनै तीन राजनीतिक दलले नेपालको राजनीतिक परिदृश्यमा दबदबा कायम राखे ।

यो सबै प्रपञ्च गत हप्ता फेरियो । केही सञ्चार माध्यमका अनुसार युवाहरू 'एक्स', 'फेसबुक' तथा 'ह्वाट्सएप' लगायत सामाजिक सञ्जालमा लागेको प्रतिबन्धको विरोधमा सडकमा आएका थिए। तर, यो त धेरैमध्ये केवल एउटा 'ट्रिगर'मात्रै थियो । खासमा विरोध प्रदर्शन स्पष्ट रूपमा भ्रष्टाचार, दण्डहीनता तथा राजनीतिक सम्भ्रान्तहरूले थुपारेको सम्पत्तिलाई लिएर आक्रोश र घृणा अभिव्यक्त गर्नका लागि आयोजना गरिएको थियो ।

नेपाल धेरै मौलिक विशेषता भएको देश हो । मुख्य रूपमा यो मुलुक वैश्विक अर्थतन्त्रसँग सापेक्षिक ऐतिहासिक रूपमा अलग थियो, तर गत हप्ताको आन्दोलन भने एसिया, ल्याटिन अमेरिका, अफ्रिका र पूर्वी युरोपजस्ता निम्न तथा मध्यमस्तरको आय भएका मुलुकहरूमा व्याप्त वैश्विक प्रवृत्तिकै हिस्साका रूपमा देखियो ।

अन्यत्रजस्तै नेपाल पनि तीव्र राजनीतिक तथा आर्थिक परिवर्तनबाट गुज्रेर आएको मुलुक हो । नवउदारवादको तीन दशकले गरिब तथा कामदार वर्गलाई थप असफल बनायो । अन्तर्राष्ट्रिय बजारसँगको बढ्दो समायोजनले असमानता बढायो । जीवन निर्वाहको खर्च आकासियो । साथै त्यसले ग्रामीण क्षेत्रमा मौद्रिकरण गराएर नगदको माग ह्वात्तै बढाइदियो ।

धेरैजसो यी मुलुक साम्राज्यवाद तथा असमान व्यापार प्रणालीको मारमा परेका छन् । खेतीमा सम्भावना नदेखेर मुलुकको श्रम बजारमा आउने श्रमिकहरूको ठुलो मात्रा खपत गर्ने औद्योगिक क्षमता छैन ।

यसले आयातमा निर्भर अन्य मुलुकमा जस्तै नेपालमा पनि गरिब तप्कालाई सबैभन्दा धेरै पिरोल्यो । सन् २००६ पश्चात पहाडको भित्री भागसम्म सडक पुगेसँगै मुलुकको केही भागमा यस्तो परिवर्तन तीव्र गतिमा हुन थाल्यो । दक्षिण तथा दक्षिण-पूर्वी एसियामा कृषिले परिवार धान नसक्ने अवस्था आयो । विश्वव्यापीकरणका कारण सिर्जित सांस्कृतिक प्रवाहमा समाहित तथा पुरानो पुस्ताको दुःख आफ्नै आँखाले देखेको युवा पुस्ता गाउँले जीवनसँग रमेर बस्न सकेन ।

१८औँ तथा १९औँ शताब्दीको उत्तरार्द्धको समयमा राज्य तथा भूस्वामीले चलाएको हिंसा र त्यसबाट भएको विस्थापनका कथा धेरै छन् । त्यही कथाले निर्वाहमुखी कृषिबाट बाहिर निस्किएको पश्चिमी युरोपको धेरैजसो भागको संक्रमणको वृत्तान्त बताउँछ । त्यसरी गाउँबाट राज्य र मालिकको दमनले खेदिएका किसानहरू सहरमा तीव्र रफ्तारमा फैलिरहेको श्रमिक वर्गमा मिसिन पुगे ।

समयक्रममा उनीहरूको एउटा सानो हिस्सा दक्ष एवं व्यावसायिक चरित्रमा फेरियो । आज यस्तै सङ्क्रमण चीनमा पनि केही हदसम्म चलिरहेको छ । चीनको हकमा यस्तो सङ्क्रमण अलि दीर्घकालीन जस्तो देखिन्छ, तर नेपाल, बंगलादेश, श्रीलंका, फिलिपिन्स र इन्डोनेसियासहित एसियाका कम र मध्यम आय भएका अर्थतन्त्रहरूको समष्टिगत आर्थिक सन्दर्भ भने चीन र पश्चिम युरोपको भन्दा नितान्त फरक छ ।

धेरैजसो यी मुलुक साम्राज्यवाद तथा असमान व्यापार प्रणालीको मारमा परेका छन् । खेतीमा सम्भावना नदेखेर मुलुकको श्रम बजारमा आउने श्रमिकहरूको ठुलो मात्रा खपत गर्ने औद्योगिक क्षमता छैन । भएका उद्योगधन्दा पनि निजीकरणको नाममा विक्री गरिएको छ, तर पनि बढ्दो बहुध्रुवीय विश्वव्यापी अर्थतन्त्रको कारण स्वदेशमा नभए पनि विदेशमा श्रमका अवसर बढिरहेका छन् ।

बाकी पृष्ठ २.....







अपहरणपछि किशोरको हत्या



• टक नेपाल

गोलबजार नगरपालिका-१३, डङ्गाहाबाट अपहरित किशोरको हत्या गरिएको अवस्थामा आज बिहान शव फेला परेको छ । आइतबार राति अपहरणमा परेका स्थानीय १७ वर्षीय अभिषेक महतोको शव घरदेखि एक सय मिटर पूर्व आँप बगैंचामा फेला परेको प्रहरीले जनाएको छ ।

आफ्नै ट्याक्टर चलाउँदै आएका अभिषेक आइतबार राति खाना खाएर घर नजिकैको चोकतर्फ घुम्न गएका थिए । त्यसपछि उनी घर फर्किएनन् । परिवारजनले रातभर गाउँ छिमेकमा खोजतलास गरे पनि भेटिएनन् । सोमबार बिहान महतो परिवारको मोबाइलमा इमोबाट पाँच करोड फिरौती माग गरिएको जानकारीसहित इलाका प्रहरी कार्यालय गोलबजारमा अभिषेकको सकुशल उद्धारका लागि निवेदन दिएको थियो।

अपहरणकारी समूहले अभिषेकको आमाको मोबाइलको इमोमा छोरा जिउँदो चाहिएमा पाँच करोड फिरौती बुझाउन भनेको जानकारी समेत परिवारजनले प्रहरीलाई सोमबार नै दिएका थिए । इप्रका गोलबजारका प्रहरी निरीक्षक गोविन्द साहले भन्नुभयो, “घटनाबारे अनुसन्धान हुँदैछ । संलग्न पत्ता लगाइ कानुनी दायरामा ल्याइने छ।”

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी धमेशकुमार यादवका अनुसार घटनाको अनुसन्धानका लागि कुकुर ल्याउने तयारी गरिएको छ । रासस

नेपाल रेल्वे कम्पनी

कार्गो सेवा सञ्चालनको तयारीमा

• टक नेपाल



नेपाल रेल्वे कम्पनीले यात्रुवाहक रेल्वे मात्र नचलाई अब कार्गो रेल्वे सेवासमेत सञ्चालन गर्ने तयारी गरेको छ । व्यवसायिक तथा नाफामूलक बन्ने रणनीतिक योजनाअन्तर्गत कम्पनीले मालसमान ढुवानी सेवा सुरु गर्ने प्रक्रिया अघि बढाएको हो ।

हाल भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालनमा रहेको ६५ किलोमिटर लामो ब्रोडगेज यात्रुवाहक रेल्वे मार्फत दुवै देशका नागरिक आवतजावत गर्दै आएका छन् । भारत सरकारको करिब १० अर्ब रुपैयाँ लागतमा बनेको उक्त रेल्वे सेवामा नेपालले दुईवटा इन्जिन र चार-चार वटा वोगी खरिद गरी सञ्चालनमा ल्याएको छ ।

यात्रु ओसारपसार मात्रबाट कम्पनीलाई नाफामा लैजान कठिन भएकाले कागो सेवाको विकल्प अघि सारिएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध निर्देशक निरञ्जन झाले बताए । ‘पटक-पटक सरकारले ट्रेडरेल सञ्चालन गर्न पहल गरिरहेको छ । अब कार्गो रेल्वे सेवा निकट भविष्यमै सञ्चालन हुनेछ,’ उनले भने ।

कम्पनीले कार्गो सेवा सञ्चालनका लागि हाल सञ्चालनमा रहेका वोगीमा थप गर्ने वा नयाँ मालवाहक रेल नै थप्ने विषयमा भारतीय पक्षसँग छलफल गरिरहेको छ । यसका लागि महोत्तरीको रामनगर र बर्दिवाससम्म रेल्वे विस्तार गरी नयाँ स्टेशन निर्माण गर्ने काम भारतीय पक्षले अघि सारेको झल्काइएको छ ।

नेपालका व्यवसायी भने वर्षौंदेखि कागो रेल्वे सेवाको माग गर्दै आएका छन् । उनीहरूको भनाइमा यसले व्यापारिक ढुवानीमा सहजता ल्याउनेछ र ढुवानी खर्च कम हुनेछ । जनकपुरका व्यवसायी रामनरेश साह भन्छन्, ‘कलकत्ता बन्दरगाह हुँदै नेपालमा आउने सामान अहिले महँगो पर्छ । कार्गो रेल्वे सञ्चालन भए ढुवानी खर्च घट्नेछ र समयमै सामान पाउने सुविधा पनि हुनेछ ।’

कार्गो रेल्वे सञ्चालन भएपछि नेपालको भौतिक पूर्वाधारमा नयाँ अध्याय थपिने मात्र नभई स्थानीय बजारमा प्रतिस्पर्धा र सस्तो मूल्यमा वस्तु उपलब्ध गराउन मद्दत पुग्नेछ । रेलमार्ग विस्तारसँगै नेपाल र भारतबीचको आर्थिक सहकार्य अझ प्रगाढ हुने व्यवसायीहरूको विश्वास छ ।

मानव बेचबिखन विरुद्ध सचेतना

- बेचबिखन रोक्न समाजमा चेतना फलाउन जरूरी छ ।
- विद्यालयदेखि न बालबालिकालाइ यसका बोमा शिक्षित गराउनु पदछ ।
- पाठ्यपुस्तकमा समावेश गे आफू कसी बच्ने अरूलाइ पनि कसी बचाउने भन्ने कुरा सिकाउन जरूरी छ ।
- समाजमा तुरून्त लागु गन सकिने किसिमका पाठ्यसामग्रीह समावेश गन जरूरी छ ।
- रोजगीका लागि जाने व्यक्तिलाइ शिक्षा दिने, गलत बाटोबाट जाँदा पने असका बोमा जानकी गाउने गर्नुपछ ।
- व्यक्तिगत तवबाट आफु सचेत हि पवि साथीहरू सवलाइ सचेतना फलाउने ।
- शंकास्पद व्यक्ति जोखिममा हेका व्यक्तिहरूको बोमा निगानी ख्ने पामश दिने आवश्यकता अनुसा सम्वन्धित निकायसँग समन्वय गने ।

औरही नगरपालिका, महोत्तरी, मधेश प्रदेश







बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014